# गौर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

गौर,रौतहट
२ नं. प्रदेश, नेपाल

चलानी नं.: ५४८४

मिति :- २०७४/०३/१६

विषय : स्पष्ट गरिएको बारे ।

प्रस्तुत विषयमा यस गौर नगरपालिकाको बारेमा मिति २०७४ असाढ १४ गते को अनलाइन खबर , द हिमालयन टाइम्स लगायत केही स्थानीय पत्र पत्रिका तथा एफ.एम मा गौरमा सामाजिक सुरक्षा भत्ता वितरणमा करोडौ भ्रष्टाचार शिर्षकमा प्रकाशित समाचार प्रति यस कार्यालय को गंभीर ध्यानाकर्षण भएको छ । खबरमा उल्लेख गरिएको तथ्य भ्रामक रहेकोमा हामी मर्माहित भएका छौ ।

(१) अनलाइन खबर मा प्रकाशित समाचारमा सक्कल नागरिकता हेरी व्यहोरा प्रमाणित गर्ने कानूनी प्रवधान रहेको भनी वाक्य उल्लेख गरिएको तर कार्यालयको नागरिक वडापत्र र सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि ,२०७२ को परिच्छेद २ को प्रवधान ६(४) अनुसार नागरिकता प्रमाणमत्रको प्रतिलिपि , मृत्युदर्ता भए सोको प्रतिलिपि वा अपाङ्गता भए महिला तथा बा.बा.का. ले जारी गरेको कार्डको प्रतिलिपिको एवं सामाजिक सुरक्षा संचालन कार्यविध अनुसार गठित समितिको सिफारीस समेतको आधारमा न.पा. ले लाभग्रहीको कार्ड बनाइदिने व्यवस्था रहेकोले सोही अनुसार लाभग्राहीको कार्ड प्रमाणित गरि वितरण गरिएकोले झुठा विवरण पेश गर्ने व्यक्ति(लाभग्राही) को छानविनकै क्रममा रहेको अवस्थामा भ्रामक समाचार सम्प्रेसन भएको देखिन्छ ।

(२) आ.व.२०७०।०७१ देखि कृषि विकास बैङ्क शाखा कार्यालय गौर रौतहट बाट सामाजिक सुरक्षा भत्ता वितरण भई रहेकोले न.पा. को कर्मचारी द्वारा करौडौ भ्रष्टाचार भएको भनी खवर प्रकाशन गर्ने लाई सत्य तथ्य र कार्यालयको धारणा समेत बुझि खबर प्रकाशन र प्रशारण गर्न ध्यानाकृष्ट गराउन चाहन्छौ ।

(३) यस गौर नगरपालिकाको कार्यालय प्रमुख वा सूचना अधिकारी संग कुनै आधिकारिक सोधपुछ नगरी बदनियतपूर्ण ढंगले समाचारमा सूचना अधिकारी को सन्दर्भ (भनाई यो हो भनी ) उल्लेख गरेकामा सो भ्रामक रहेको व्यहोरा जानकारी गराउन चाहन्छौ ।

(४) खबरहरुमा प्रकाशन गरेको सामुदायिक विकाश शाखा र त्यसका लागि तोकिएको कर्मचारीहरु ले आर्थिक प्रलोभनमा परी झण्डै ५ सय भन्दा बढी कार्ड प्रमाणित गरी वितरण गरेको भनी उल्लेख गरिएकोमा यो खबर समेत निराधार रहेको सम्बन्धित सबैलाई प्रष्ट्याउन चाहन्छु ।

(५) झुटा विवरण पेश गरी परिचय पत्र बनाउने लभग्राही को परिचयपत्र रोक्का र स्थगित गर्ने तर्फ स.सु.का. सञ्चालन कार्यविधि, २०७२ को परिच्छेद १० को प्रवधान ४० बमोजिम कारर्वाही अगाडी बढाइएकोले कपोलकल्पित रुपमा एकहोरो रुपमा प्रकाशन गरिएको समाचार प्रति हाम्रो गंभीर आपत्ति रहेको व्यहोरा जानकारी गराईन्छ ।

०३।१६

सरोज कुमार लाल दास
सूचना अधिकारी
गौर नगरपालिका